सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना**
**आयोजना कार्यान्वयन एकाइ, डोटी**

प.सं.: २०८२/०८३
च.नं.:

मितिः २०८२/१२/११

**विषयः रिक्त रहेको अगुवा कृषक कोटामा निवेदन पेश गर्ने बारे पुनः सूचना ।**
(सूचना प्रकाशित मितिः २०८२/१२/११)

यस आयोजनाको अगुवा कृषक परिचालन कार्यविधि, २०८१ अनुसार आयोजना लागु भएका प्रत्येक स्थानीय तहहरुमा ५ (पाँच) जनाका दरले अगुवा कृषक छनौट गर्ने कार्यक्रम अन्तर्गत मिति २०८१/१२/०७ मा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा, दार्चुला जिल्ला अन्तर्गत शैल्यशिखर नगरपालिका बाट ४ (चार) जना अगुवा कृषक मात्र छनौट भई आएकोले बाँकी रहेको १ (एक) जना अगुवा कृषकको कोटा पूर्तिका लागि यो पुनः सूचना प्रकाशित गरिएको छ ।

तसर्थ, शैल्यशिखर नगरपालिकामा बसोबास गर्ने अगुवा कृषक परिचालन कार्यविधि, २०८१ अनुसार न्यूनतम योग्यता पुगेका इच्छुक कृषकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८२/१२/२५ गते सम्म) निम्न अनुसारका कागजातहरु संलग्न राखी सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा निवेदन पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ ।

..............................
(टिकेन्द्र कुश्मी)
प्रदेश आयोजना प्रवन्धक

प्रदेश आयोजना प्रबन्धक

<u>आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>
क) अनुसूची-३ वमोजिमको निवेदन
ख) आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ग) अनुसूची-४ वमोजिमको प्रतिवद्धता पत्र
घ) अनुसूची-५ वमोजिमको आवेदकको व्यक्तिगत विवरण
ङ) शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्वन्धी प्रमाणपत्रहरुको प्रतिलिपि

<u>नोटः</u>

- **यो सूचना शैल्यशिखर नगरपालिका दार्चुलाका लागि मात्र लागू हुनेछ ।**
- आवेदन फाराम, अनुसूचीहरु, न्यूनतम योग्यता र पेश गर्नुपर्ने कागजातहरु लगायत अन्य जानकारीको लागी आयोजना कार्यान्वय एकाई, सुदूरपश्चिम प्रदेश डोटीको फोन नं. ०९४-४४००१० मा फोन गर्न हुन वा सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा सम्पर्क राख्न हुन अनुरोध छ ।
- थप विवरणको जानकारीको लागी यस आयोजना कार्यान्वयन एकाइ डोटीको वेवसाइट www.sudurpashchim.nafha.gov.np मा गएर हेर्न सकिन्छ ।